स्थानीय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०४ संख्याः ०८ मितिः २०७७।०९।११**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७७।०९।०८ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **“विरुवा गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन कार्यविधी-२०७७”** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रारम्भः** स्थानिय सरकार सञ्चालन ऐन २०६४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी विरुवा गाउँपालिकाले बिरामी, सुत्केरी महिला, विपतका घटना घाईते भएका मानिसहरुलाई अस्पताल सम्म छिटो र सहज रुपमा पुर्याउने उद्धेश्यले एम्बुलेन्स सेवा लाई व्यवस्थित रुपमा सञ्चालन गर्न बाञ्छनिय भएकाले गाउँकार्यपालिकाले यो कार्यविधि लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नामः **“ विरुवा गाउँपालिका एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७७”** रहनेछ ।

१.२ प्रारम्भः यो कार्यविधि विरुवा गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

वियष वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ “स्वास्थ्य शाखा” भन्नाले विरुवा गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्छ ।

२.२ “सेवाग्राहि” भन्नाले एम्बुलेन्स सेवा आवश्यक भएको व्यक्तिलाई सम्झनु पर्छ ।

२.३ “सवारीचालक” भन्ननले एम्बुलेन्स चालकलाई सम्झनु पर्छ ।

२.४ “कार्यलय” भन्नाले विरुवा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

२.५ “गाउँपालिका” भन्ननले विरुवा गाउँपालिकालाई सम्झनु पर्छ ।

२.६ “आर्थिक ऐन” भन्नाले विरुवा गाउँपालिकाको आर्थिक ऐनलाई सम्झनु पर्छ ।

२.७ “एम्बुलेन्स” भन्नाले विरामि ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ ।

२.८ “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने तोकिए बमोजिमको शुल्क सम्झनु पर्छ ।

२.८ “समिति” भन्नाले दफा  बमोजिम गठित एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

२.९ “सेवा” भन्नाले एम्बुलेन्सले विरामिलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समितिः**

३.१. एम्बुलेन्स सेवालाई नियमित र व्यवस्थित रुपले संचालन गर्न तपसिल बमोजिमको एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समिति रहनेछ ।

क. वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना – संयोजक

ख. सामाजिक विकास समितिको संयोजक – सदस्य

ग. विरुवा स्वास्थ्य चौकी व्यवस्थापन समितिको अध्यक्ष – सदस्य

घ. गाउँसभा सदस्यहरुमध्ये बाट अध्यक्षले तोकेको १ जना - सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको विरुवा गाउँपालिकाको कर्मचारी १ जना – सदस्य

च. गाउँपालिका स्तरिय रेडक्रस समितिको अध्यक्ष वा प्रतिनिधी १ जना – सदस्य

छ. विरुवा गाउँपालिकाको स्वास्थ्य शाखा
संयोजक – सदस्य सचिव

तर कुनै कारण वस् निर्वाचित जनप्रतिनिधी नरहेको अवस्थामा अध्यक्षले मनोनित गर्ने पदाधिकारीहरु प्रमुख प्रशासकीय अधिकृतबाट मनोतित गर्न रोक लगाईएको मानिने छैन ।

**४. एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

४.१ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. एम्बुलेन्स सेवा जनतालाई अधिकतम सुविधा हुनेगरि नियमित, पारदर्शी, सरल, भरपर्दो रुपमा संचालन गर्ने ।

ख. एम्बुलेन्स सेवा संचालन गरे बापत प्राप्त हुने रकम नियमित रुपमा कोषमा जम्मा गर्ने ।

ग. कोषको नियमित र पारदर्शि रुपमा हिसाब किताब राख्रे ।

घ. एम्बुलेन्सको संरक्षण, सुरक्षा तथा नियमित मर्मत सुधार गर्ने ।

ङ. जिन्सिको सुरक्षा गर्ने ।

च. चालकले पालना गर्नु पर्ने आचारसंहिता लागु गराउने ।

छ. एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

ज. गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनको मापदण्ड तयार गर्न ।

झ. वार्षिक रुपमा कोषको लेखापरिक्षण गरि आर्थिक वर्ष समाप्त भएको ४५ दिन भित्र कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

ञ. गाउँपालिका बाट पूर्व स्वीकृति लिएर अन्य श्रोतहरुको व्यवस्थापन गर्ने ।

४.२ समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्यके बर्षको पौष मसान्त र अषाढ मसान्त गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. एम्बुलेन्स सेवा सञ्चालन गरिने क्षेत्र र विधिः**

५.१ गाउँपालिकाले आफ्नो एम्बुलेन्स देहायका व्यक्तिहरुलाई लक्ष्य राखी सेवा सञ्चालन गर्नेछ ।

क. कुनै कडा रोग लागेको वा अकस्मात बिरामि भई तुरुन्त अस्पताल पुर्याउनु पर्ने अवस्थाका व्याक्ति ।

ख. प्राकृतिक विपत्ति र अन्य घटनाका कारणले घाउ चोटपटक लागी अस्पताल पुर्याउनुपर्ने घाईते व्याक्ती ।

ग. प्रसुती सेवाकालागी अस्पताल पुर्याउनुपर्ने गर्भवती महिला ।

घ. अस्पताल पुर्याउनुपर्ने अन्य बिरामी ।

५.२ दफा १ बमोजिमका व्याक्तिलाई एम्बुलेन्स सेवा आवश्यक भएको खण्डमा सेवा ग्राही वा निजको घरपरिवारको सदस्यले एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति वा सवारी चालकलाई सम्पर्क गर्न सक्नेछन् । सवारी चालकले समितिको सदस्य सचिव वा प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिका अध्यक्ष मध्ये कुनै एक व्याक्तिबाट स्वीकृत लिएर सेवा ग्राहीलाई सेवा प्रदान गर्नुपर्ने छ । कुनै कारणवस् स्वीकृत लिन सम्भव नभएमा सो को भोलिपल्ट माथी उल्लेखित पदाधिकारीबाट सो सेवा स्वीकृत गर्नपर्नेछ ।

५.३. सेवा ग्राहीले आफ्नो नाम ठेगाना र अस्पतालको नाम ठेगाना समेत स्पस्ट रुपमा जानकारी गराउनु पर्नेछ ।

५.४. व्यवस्थापन समितिले उक्त सेवाग्राही दफा ३ को उपदफा १ बमोजिमको व्याक्ति हो वा होईन एकिन गरि

सवारी चालकलाई सेवा पुर्याउनको लागी निर्नेशन दिनेछ ।

५.५. सेवा ग्राहीले व्यवस्थापन सिमितिलाई सम्पर्क नगरी चालक लाई सिधै सम्पर्क गर्न सक्नेछन् । भने सवारी चालकले उक्त विषयको जानकारी व्यवस्थापन समितिलाई तुरुन्तै गरि व्यवस्थापन समितिको सदस्य सचिव बाट अनुमति लिनुपर्नेछ ।

**६. एम्बुलेन्स सेवा शुल्कः**

६.१. सेवा ग्राही ले एम्बुलेन्स सेवा उपयोग गरे बापतको शुल्क आर्थिक ऐनले तोके बमोजिम हुनेछ, आर्थिक ऐनमा स्प्ट हुन नसकेका सेवा शुल्क यसै कार्यविधि बमोजिम हुनेछ ।

दफा ६ को उपदफा ६.१ मा जे सुकै लेखिएतापनि आ.व. २०७७।०७८ को लागी सेवा शुल्क गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६.२. गाउँपालिका मातहतका स्वास्थ्य चौकी मा नियमित प्रसुती जाँच गराएका गर्भवती महिलालाई स्वास्थ्य चौकीमा प्रसुती गराउन नसकी अन्य अस्पताल रिफर गर्नुपर्ने अवस्थामा स्वास्थ्य चौकी प्रमुखले व्यवस्थापन समितिको सदस्य सचिवलाई जानकारी गराएमा त्यस्तो अवस्थामा गर्भवती महिलालाई अस्पताल सम्म पुर्याउन लाग्ने सेवा शुल्कमा ५०प्रतिशत छुट दिईनेछ ।

६.३. सवारीचालकले एम्बुलेन्स सेवा प्रयोग बापतको शुल्कको रसिद एक प्रति सम्बन्धीत सेवा ग्राहीलाई एक प्रति स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

६.४. समितिको सदस्य सचिवले हरेक महिना एम्बुलेन्स सेवा प्रयोग गरेका सेवा ग्राहीको विवरण अनुसुची १ बमोजिमको ढाँचामा अध्यावधिक गर्नुपर्नेछ ।

६.५. समितिको सदस्य सचिवले एम्बुलेन्स सेवा शुल्क बापतको रकम हरेक ७/७ दिनमा समितिको खातामा जम्मा गरि प्रत्येक महिनाको मसान्तमा सो को जानकारी कार्यालयलाई गराउनुपर्नेछ ।

**७. सवारी चालकलाई अतिरिक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाः**

७.१. सेवाग्राहीको मागको आधारमा एम्बुलेन्स रातको समयमा स्याङ्जा जिल्ला भित्रका अस्पताल बाहेक अन्य अस्पतालमा लिएर जाँदा सवारी चालकलाई खाना र बास खर्च बापत प्रति टिप रु. ३०० का दरले अतिरिक्त प्रोत्साहन सुविधा एम्बुलेन्स सेवा शुल्कको राजश्वबाट खर्च ब्यहोर्नेगरी प्रदान गरिनेछ ।

७.२. व्यवस्थापन सिमितको सदस्य सचिवले अतिरिक्त प्रोत्सहान सुविधा प्राप्त गर्ने समयको एकित गरि सो को अभिलेखमा कैफियत जानई राख्नुपर्नेछ ।

**८. कोष संचालन सम्बन्धी व्यवस्थाः**

८.१. एम्बुलेन्स संचालन र व्यवस्थापन लाई व्यवस्थित र नियमित गर्न एम्बुलेन्स संचालन तथा व्यवस्थान समितिको एक कोष रहनेछ ।

८.२. उक्त कोषमा देहायका रकमहरु जम्मा हुनेछन् ।

क. एम्बुलेन्सको प्रयोगबाट प्राप्त हुने सबै प्रकारका आम्दानीहरु ।

ख. गाउँपालिकाले अनुदान उपलब्ध गराएको रकम ।

ग. गाउँपालिकाको स्वीकृती लिएर अन्य सरकारी र गैर सरकारी संस्था वा ब्याक्तिबाट प्राप्त रकम ।

८.३. एम्बुलेन्स संचालन तथा व्यवस्थापन सिमितले छुट्टै बैंक खाता संन्चालन गर्नुपर्नेछ । सो खाता एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिका संयोजक,सदस्य सचिव र विरुवा गाउँपालिका लेखापालको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

८.४. कोषबाट तपसिलका शिर्षकमा रकमहरु खर्च हुनेछन् ।

क. एम्बुलेन्सको इन्धन ।

ख. एम्बुलेन्स चालकको तलव भत्ता ।

ग. एम्बुलेन्सको नविकरण लगायत अन्य राजश्वमा हुन खर्च ।

घ. एम्बुलेन्सको मर्मत सम्भारमा हुने खर्च ।

ङ. एम्बुलेन्समा रहने अति आवश्यक समाग्री खरिदमा हुने खर्च ।

**९. अनुगम तथा प्रतिवेदनः**

९.१. व्यवस्थापन समितिको सदस्य सचिवले सेवा शुल्क, राजश्व सम्बन्धी प्रतिवेदन, सेवा शुल्कमा छुट सम्बन्धी विवरण र सवारी चालकको अतिरिक्त प्रोत्सहान सम्बन्धि प्रतिवेदन चौमासिक रुपमा कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

९.२. गाउँसभा र कार्यपालिकाले एम्बुलेन्स सेवा थप व्यवस्थीत गर्न आवश्यक मार्गदर्शन र निर्देशन दिन सक्ने छ ।

**१०. चालकको नियुक्ति र सेवा सुविधाः**

१०.१. एम्बुलेन्स सेवा संचालनको लागी कार्यालयले एक जान योग्यता पुगेको चालक करारमा नियुक्ति गर्नेछ । सवारी चालकको छनोटको प्रकृया विरुवा गाउँपालिकाको करार कर्मचारी छनोट कार्यविधी बमोजिम हुनेछ ।

१०.२. चालकको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०.३. चालकको रु. दुई लाख सम्मको दुर्घटना बीमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट बेहोरिने छ ।

१०.४. चालकले पालना गर्नुपर्न आचारसंहिता अनुसुची २ बमोजिम हुनेछ ।

**११. एम्बुलेन्स रहने स्थान र सो को मर्मत संभारः**

११.१. एम्बुलेन्स विरुवा गाउँपालिका वडा नं. १ विरुवा गाउँपालिका कार्यालयको परिसरमा रहने छ ।

११.२. प्रचलित कानुनी प्रकृया पूरा गरेर एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**१२. विविधः**

१२.१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधी विवरण अनुसूची ३ बमोजिम हुनेछ ।

१२.२. एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवा ग्राही स्यमंको हुनेछ ।

१२.३. यस कार्यविधीमा आवश्यकता अनुसार संसोधनर हेरफेर समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूचि-१**

**एम्बुलेन्स सेवा प्रयोग गर्नेहरुको विवरण**

मिति २०.............. महिना ..............

| क्र.स. | मिति | समय | सेवाग्राहीको नामथर | ठेगाना | अस्पतालको नाम र ठेगाना | शुल्क | छुट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने
नामथरः
पदः सदस्य सचिव
एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति

प्रमाणित गर्ने
नामथरः
पदः अध्यक्ष
एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति

## अनुसूचि-२

(निर्देशिकाको दफा १० को उपदफा ४ संग सम्बन्धीत) एम्बुलेन्स चालकले पालना गरनुपर्ने आचार संहिता

१. एम्बुलेन्स संचालन निर्देशिका, २०७७ लाई पूर्णतः पालना गर्नपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह् गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैँ सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफै ब्याक्तिगत रुपमा जिम्मेवार र जवाफदेहि हुनपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधर गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाईपनि सिकाउनु पर्ने,
७. कुनै विरामिलाई ओसारपोसार गर्नु अघि उसमो बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नु पर्ने,
८. विरामिलाई विच बाटोमा छोड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामिको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने, अस्पताल पूर्व सेवा, एम्बुलेन्स वा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने,
१०.आफुले देखेको विरामिको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,
११. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार पोसार नगर्ने,
१२. प्रचलित कानुनको पालना गर्ने ।

म.........................................(नाम)............................................ ठेगाना..................... ना. प्र. नं...................... जिल्ला, डाईभिङ्ग लाईसेन्स नं...............................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । स्याङ्जा जिल्ला विरुवा गाउँपालिकाको ऐम्बुलेन्स चलाउदा मैले आंचार संहिता पूर्णरुपमा पालन गर्न सहमित जनाई सहि छाप गरेको छु ।

| | |
|---|---|
| चालककोः | रोहोबर प्रमाणित गर्न व्यक्तिकोः |
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नामथरः |
| मितिः | मितिः |

कार्यालयको छापः

**अनुसूचि-३**

(निर्देशिकाको दफा १२ को उपदफा १ संग सम्बन्धीत) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधी विवरण

१. ग वर्गका बेहि औषधिहरु ऐम्बुलेन्समा हुनुपर्ने,
२. उपकरणको विवरणको पुर्ति समितिले गर्नुपर्ने
३. उपकरणको रेखदेख स्वास्थ्यकर्मी तथा चालकले गर्नुपर्ने
४. आवश्यकता अनुसार अक्सीजन ग्यास समेत हुनुपर्ने छ ।

आज्ञाले
कुलराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत